# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, फागुन २२ गते २०३९ साल (अतिरिक्ताङ्क ५० (ख)


# शाही सन्देश

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

## राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट असंलग्न राष्ट्रहरूको सातौं शिखर सम्मेलनमा भाग लिन नयाँ दिल्लीतर्फ सवारी होइबक्सनु अगाडि २०३९ साल फागुन २२ गते देशवासीका नाममा बक्सेको सन्देश।

प्यारा देशवासीहरू,

आज हामी हाम्रा बडामहारानीका साथ भारतका प्रधानमन्त्री महामहिम श्रीमती इन्दिरा गान्धीको निमन्त्रणामा असंलग्न राष्ट्रहरूको सातौं शिखर सम्मेलनमा भाग लिन नयाँ दिल्लीतर्फ प्रस्थान गर्दैछौं।

असंलग्न अभियानको २१ वर्षको इतिहासमा नयाँ दिल्लीमा हुन लागेको यो सातौं शिखर सम्मेलन एक महत्त्वपूर्ण घडीमा सुसम्पन्न हुँदैछ र वर्तमान अवस्थामा यस अभियानले भित्र र बाहिर दुवैतिर चुनौतीहरूको सामना गर्नु परिरहेको छ। एक संस्थापक सदस्यको हैसियतले असंलग्न अभियानको आदर्श र उद्देश्यहरूप्रति हामी सधैं आस्थावान रही आएका छौं र आजको विश्वले खोजेको शान्ति र विकास जस्ता उच्चतम् लक्ष्यहरू हासिल गर्न असंलग्न राष्ट्रहरूबीच बढी आपसी एकता र विवेकपूर्ण दृष्टिकोणको आवश्यकता छ

आधिकारिक मुद्रण विभागबाट प्रमाणीत गरिएपछि मात्र लागु हुनेछ।

भन्ने कुरामा हामी विश्वस्त छौं। शक्ति सम्पन्न राष्ट्रहरूबीच चलिरहेको होडबाजीलाई तेस्रो विश्वका मुलुकहरूको जीवनस्तर उकास्ने क्रममा अरू बढी रचनात्मक प्रयास गरिनु पर्दछ भन्ने पनि हाम्रो धारणा रही आएकै छ। यिनै आदर्शहरूबाट प्रेरित भई अन्य असंलग्न राष्ट्रहरूसँग मिलेर यस सम्मेलनलाई सफल तुल्याउने कार्यमा केही सघाउ पुन्याउने हामीले आशा लिएका छौं।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं। मुलुकको दैनिक काम मन्त्रिपरिषद्ले गर्ने नै छ। आशा छ सधैं झैं समस्त देशवासीहरूले नेपाल र नेपालीको हितलाई सोची विकास कार्यमा योगदान पुन्याउन र शान्ति सुव्यवस्था कायम राख्नमा आ-आफ्नो क्षेत्रबाट सहयोग गरिरहने नै छन्।

**श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!**

**जय नेपाल!**

**हुकुम बक्से बमोजिम,**
**रञ्जनराज खनाल**
**श्री ५ महाराजाधिराजका प्रमुख सचिव**

६०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।